नेपाल नागरिक उड्डयन प्राधिकरण

# नेपालगंज नागरिक उड्डयन कार्यालय

नेपालगंज, बांके ।

## शिलवन्दी बोलकवोल पत्र आव्हान सम्बन्धी सुचना

### प्रथम पटक प्रकाशित मिति : २०७५।०३।०९

यस विमानस्थलमा यात्रुहरुको सुविधाका लागी टर्मिनल भवन भित्रको यात्रु चेक इन कक्ष भित्र तपशिल बमोजिमको पसलहरु संचालन गर्नु पर्ने भएको हुंदा ३ वर्षको लागि ठेक्का प्रथा द्वारा दिइने भएकाले देहाय बमोजिमको न्युनतम ठेक अंकमा नघटाई तपसील बमोजिमको योग्यता तथा शर्तहरुको अधिनमा रही संचालन गर्न ईच्छुक नियमानुसार करमा दर्ता भै कारोवारको इजाजत प्राप्त संस्थाहरुबाट छुट्टा छुट्टै शीलवन्दी वोल कबोलपत्र आव्हन गरीन्छ ।

**शर्तहरुः**

१) सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म नगद रु.३३९।०० (रु.तीन सय उन्चालीस मात्र) पछि फिर्ता नहुने गरी तिरी यस कार्यालयवाट वोल कवोल पत्र खरीद गरी सुचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्ने छ ।

२) बोलकबोल पत्र सुचना प्रकाशित भए पछि कार्यालय खुलेको जुनसुकै दिनमा पनि खरीद गरी कार्यालय समयमा दर्ता गराउन सकिने छ ।

३) कुल कबोल अंक को ५% ले हुन आउने बराबरको रकम नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा बोलकबोल पत्र खोलिने दिन देखि १२० दिन भन्दा वढी अवधीको बैंक जमानत सम्बन्धी कागजात बोलकबोल पत्र संगै पेश गर्नु पर्नेछ । धरौटी रकम नगदमा स्वीकार गरिने छैन ।

४) बोलकवोल पत्र फाराम खरीद गर्दा संस्था दर्ता तथा नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७३।७४ को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

५) प्राप्त वोलकवोल पत्र १६ (सोह्रौं) दिनको २:०० वजे प्रस्तावदाताहरुको रोहवरमा यस कार्यायलमा खोलिने छ । प्रस्तावदाता उपस्थित नभए पनि वोल कवोल पत्र खोल्न बाधा पर्ने छैन ।

६) वोलकवोल पत्र खरीद, दाखिला र खोल्ने अन्तिम दिन विदा परेमा उक्त कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय अनुसार गरिने छ ।

७) विगत आ.व.हरुको यस कार्यालयलाई भुक्तानी गर्न बांकी वक्यौता रकम भुक्तानी नभए सम्म त्यस्ता व्यक्ति संस्था संग ठेक्का सम्झौता गरिने छैन । बोलपत्र फारम खरीद गर्न आउंदा बक्यौता चुक्ता पेश गर्नु पर्ने छ ।

८) स्वीकृत बोलपत्रदाताले कबोल रकम भुक्तानी गर्ने प्रकृया, छुट तथा तोकिएको समयमा रकम भुक्तानी नगरेमा हुने जरिवाना सम्बन्धि व्यवस्था विषेश शर्त तथा ने.ना.उ.प्रा सम्बन्धि ऐन नियम बमोजिम हुनेछ ।

९) बोलकवोल पत्र फाराममा अंक र अक्षरमा दररेट स्पष्ट संग बुझिने गरी भरेर शिलवन्दी गरी बुझाउनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ । रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त राखी पेश गरको बोलकवोल पत्र माथि कारवाही गरिने छैन ।

१०) स्वीकृत बोलकबोल पत्र दाताले कवोल अंक को २५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कबुलियत को अवधि भन्दा ६ महिना बढी म्याद भएको बैंक जमानत पेश गरी सम्झौता गर्न आउनु पर्नेछ ।

११) संचालनका लागि कार्यालयले तोकीदिए बमोजिमका स्तरीय फर्निसिङ्ग, रङ्गरोगन, चिया/कफि मसिनको व्यवस्था, विद्युत प्रयोग, सरसफाई, विक्री दर रेट, गुणस्तर, संलग्न राख्नु पर्ने कागजात लगायत अन्य कुरा बोलकवोल पत्रको बिशेष सर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

१२) वोलकवोल पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| विज्ञापन नं. | ठेक्का कार्य | क्षेत्रफल (वर्ग मि.) | ३ वर्षको न्युनतम ठेक अंक | न्युनतम योग्यताका शर्त | कैफियत |
|---|---|---|---|---|---|
| 06/074/75/ Rev | स्न्याक्स पसल संचालन कार्य | १७.८५ | ९,९९,५०४।०० | उल्लेखित शर्त सहित चमेना गृह, होटल, तथा रेष्टुरेन्ट संचालन गरेको संस्था | |
| 07/074/75/ Rev | कफी सप संचालन कार्य | ३१.५५ | ५,६५,४८८।०० | उल्लेखित शर्त सहित स्टार वर्गिकरणमा परेका पर्यटक होटल | |